इन्द्रसरोवर गाउँपालिकाको ३ महिनाको वित्तीय प्रगती २३ प्रतिशत । पृष्ठ ५ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१६, अंक-४३ ● २०८१ वैशाख २४ गते सोमबार, ● 06 May, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## विकास गाउँमा, मानिस शहरमा

विकास संवाददाता

थाहानगर



फोटोमा: थाहा-७, मकवानपुर

मकवानपुरका दश वटै स्थानीय तहका गाउँ-गाउँमा विकास थपिदै गएको छ। तर, गाउँबस्ती भने पछील्लो समय रित्तिदै गएका छन् । मकवानपुरका पहाडी क्षेत्रबाट बेसीतिर झर्नेहरूको सख्या दिनहुँ बढ्दै गएको छ । विशेषगरी मकवानपुरका स्थानीय सरकारले विकट गाउँलाई प्राथमिकता दिएर सडक, खानेपानी र बिजुली पुर्‍याउनका लागि काम गरेका छन् । वस्ती भने रित्तिदै गएको छ । विकास गाउँ पस्यो मानिस शहर । जिल्लाका पहाडी क्षेत्रमा विकास र मानिसबीच बेजोडको लुकामारी छ । विकास थिएन, मानिसको चहलपहल गाउँ-बस्तीमा बाक्लो थियो । विगतको तुलनामा सडक पुलपुलेसा बनेका छन् । बिजुली र सञ्चार सुविधा घर-घरमा पुगेको छ । टोल-टोलमा खानेपानीको पहुँच छ। विद्यालय र स्वास्थ्य चौकीहरू थपिएका छन् । धुले सडकहरू स्तरोन्नति हुँदैछन् ।

कच्ची घरहरूलाई जस्तापाता र सिमेन्टका घरहरूले विस्थापन गरे। विकासका सूचकहरू सकारात्मक बन्दैछन्। विगतको 'आफ्नो गाउँ आफैं बनाउँ' भन्ने नाराले गाउँ विकासमा एउटा सकारात्मक सन्देश छर्‍यो । तीन तहका सरकार बनेपछि विकासले अझ गति लियो। तर विडम्बना गाउँबस्तीमा पूर्वाधार हरू थपिंदै जाँदा उपभोग गर्ने मानिस पातलिए। बाबुबाजेदेखि आर्जेको अचल सम्पत्ति चटक्कै छोडेर हिंडेका छन् ।

पहाडी क्षेत्रबाट तल बेसी झर्नेहरू मकवानपुरको कैलाश, राक्सिराङ, थाहा नगरपालिका, इन्द्रसरोवर, भीमफेदी, मकवानपुरगढी, हेटौंडा उपमहानगर पालिकाका विकट क्षेत्र, बागमती गाउँपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिका क्षेत्रका पहाडी क्षेत्रबाट बेशी झर्नेहरूको संख्या धेरै रहेका छन् । विशेषगरी मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ नयाँ गाउँको शिरानमा सडक, बत्ति, पानी र इन्टरनेटको सुविधा पुगेको छ । तर, यहाँका धेरै घरहरू रित्तै रहेका स्थानीय वासिन्दाहरू बताउँछन् । पहाडी क्षेत्रमा पर्ने नयाँ गाउँका बारीमा उब्जनी राम्रो हुने भएपनि छोराछोरी बिदेश जाने र पहाडी क्षेत्र भएकाले ओहोर दोहोर गर्न समस्या र धेरै परिवार हेटौंडा लगायतका शहरमा झरेकाले आफुहरू पनि तल बेसीमा झरेको स्थानीय गोविन्द तिमल्सीना बताउँछन् ।

उनी मात्र होइन नयाँगाउँबाट धेरै परिवार बेसीमा र हेटौंडा उपमहानगरपालिका क्षेत्रमा झरेका छन् । वडा नम्बर-५ कै खैरेनीको सिरानका स्थानीय वासिन्दाहरू पनि धेरै बेसीमा झरेका छन् त कोही हेटौंडामा आएर बसेको बताउँछन् । पहाडी क्षेत्रबाट बेशी तिर झर्नुको कारण भनेको परम्परागत कृषि व्यावसायिक हुन सकेन । दिनप्रतिदिन कृषि उत्पादन घट्दो छ । कृषकले समयमा मल-बीउ, विषादी, कृषि औजार पाउँदैनन्। बाँदर, दुम्सी लगायत जंगली जनावरले उत्पादित फसल नष्ट गरिदिन्छन्। सिंचाइको राम्रो व्यवस्था नहुँदा आकाशको भर पर्नुपर्छ । खडेरी, अधिक वर्षा, असिनापानी, हावाहुरीको मार सहनुपर्ने भएकाले पनि शहर भरेको सिताराम सापकोटा बताउँछन् ।

थोरै उत्पादन हुँदा बिक्रीवितरणमा समस्या छ । बेचे पनि भाउ आउँदैन। लागत उठ्दैन । खेतीपाती गर्ने जनहरू शहर र विदेश पुगे । बुढाबुढीले खेती गर्न सक्ने अवस्था छैन । खेतबारी बाँझो छ । वर्षभरि दुख गर्दा पनि एक छाक मीठोमसिनो खान र एकजोर कपडा फेर्न धौ-धौ हुने स्थानीयहरू बताउँछन् ।

गाउँघरमा स्वास्थ्य चौकी र जिल्ला अस्पताल बनेका छन् तर तिनले सिटामोल समेत दिन सक्दैनन् । उपचारको कुरा त छोडिदिए हुन्छ । डाक्टरको अनुहार देख्न मुस्किल हुन्छ । रोग लाग्यो भने भगवान् भरोसामा बाँच्नुपर्छ । उपचारका लागि काठमाडौं लगायत ठूला शहरमा जानुको विकल्प छैन त्यसैले पनि गाउँ छोडेर अहिले काठमाण्डौं बस्दै आउनु भएका मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५ खैरेनीका इन्द्रप्रसाद तिमल्सीनाले सुनाए ।

देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र

## स्थानीय तहको समानीकरण अनुदान २५.८९ प्रतिशत घटेर आउने

◆ विकास संवाददाता

चालु आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय तह (स्थानीय सरकार) हरूमा संघीय सरकारले उपलब्ध गराउने वित्तीय समानिकरण बजेट घटाएर पठाउने भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा संघीय सरकारले यस वर्षका लागि स्वीकृत गरेको बजेटमा २५.८९ प्रतिशत बजेट घटाएर पठाउने भएको हो ।

नेपाल सरकारको ९ माघमा सम्पन्न मन्त्रिपरिषदको निर्णय अनुसार स्थानीय सरकारलाई पठाउने बजेट घटेर आउने भएको हो । २०८० चैत्रसम्मको राजश्व लक्ष्य र प्रगती अनुसार स्थानीय सरकारले पाउने अन्तिम तथा चोथो किस्तासम्म बजेट पठाउँदा ७४.११ प्रतिशतबाट नबढ्ने गरी बजेट पठाउन महालेखा नियन्त्रक कार्यालयले १२ वैशाखमा देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई परिपत्र गरेको छ ।

परिपत्र अनुसार अब मकवानपुरका स्थानीय तहहरूका लागि स्वीकृत वित्तीय समानिकरण बजेट ३१ करोड ७४ लाख ११ हजार ४ सय रूपियाँ घट्ने भएको छ । बजेटको आकार अनुसार प्रतिशतमा घट्ने भएको हुँदा हेटौंडा उपमहानगर पालिकाको सबैभन्दा बढि ८ करोड ३ लाख ६२ हजार ५६० रूपियाँ बजेट घट्ने भएको छ भने सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाको १ करोड ८७ लाख ९६ हजार १४० रूपियाँ घट्ने भएको हो ।

त्यसैगरी थाहा नगरपालिकाको ३ करोड २१ लाख ३ हजार ६ सय, भीमफेदी गाउँपालिकाको २ करोड ५२ लाख ९४ हजार ५३०, मकवानपुरगढीको २ करोड ५२ लाख १६ हजार २६० रूपियाँ समानीकरण अनुदान घट्ने भएको छ । बकैया गाउँपालिकाको ३ करोड १ लाख ६१ हजार ८५०, बागमतीको २ करोड ३ हजार २७०, मनहरीको ३ करोड ११ लाख ७१ हजार ५६०, कैलाशको २ करोड ३० लाख ९३ हजार ८८० र राक्सिराङ गाउँपालिकाको २ करोड ४२ लाख ७ हजार १५० रूपियाँ बजेट घट्ने भएको हो ।

मकवानपुरका १० स्थानीय तहलाई संघीय सरकारबाट चालु आर्थिक वर्षका लागि कुल १ अर्ब २२ करोड ६० लाख रूपियाँ वित्तीय समानीकरण अनुदान सिफारिस भएकोमा परिपत्र अनुसार कुल ३१ करोड ७४ लाख ११ हजार ४ सय रूपियाँ बजेट घट्ने भएको हो ।

स्थानीय तहहरूको वार्षिक स्वीकृत बजेट संघीय सरकारले कटौती गरेपछि योजना कार्यान्वयमा कठिन हुने थाहा नगरपालिकाका सूचना अधिकारी सुरज कुमार भुजेलले बताए । 'संघीय सरकार ले बजेट सिफारिस गर्ने र पालिकाहरूले त्यही अनुसार योजना स्वीकृत गरी कार्यान्वयन गर्दैगर्दा बजेट कटौती गर्दै, स्थानीय तहको प्रगती खोज्नु संघीय सर कारको कमजोरी हो'-सूचना अधिकारी भुजेलले भने । 'संघीय सरकारले बजेट कटौंती गर्ने र पालिकाको वित्तीय प्रगती राम्रो भएन भन्दै फेरि कार्यसम्पादनमा आधारित अनुदान काट्ने यो जत्तिको अचम्म के हुन सक्छ ?' प्रश्न गरे । महालेखा नियन्त्रकको कार्यालयले लेखेको पत्रमा स्थानीय तहका साथै प्रदेश सरकारले पाउने वित्तीय समानीकरण बजेट पनि २५.८९ प्रतिशत नै घट्ने उल्लेख छ ।

सरकारको यो निर्णय लगत्तै नगर पालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक र राष्ट्रिय विकास परिषदको बैठकमा अनुदान र कम नघटाउन भन्दै ज्ञापन पत्र बुझाएका थिए ।


**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर



# • सम्पादकीय •

## मोबाइल एप डाउनलोड खतरा पनि हुन्छ

विभिन्न विकाससगै प्रविधिको विकासले पनि अहिले निकै गति लिएको छ । अब त मानिस प्रविधिको संसारमा बाँचिरहेको छ भन्दा पनि फरक नपर्ने भएको छ । प्रविधिमोह मात्र होइन, अब त जीवनशैली बनिसकेको छ । सर्वसाधारण पनि यसको लतमा फसिसकेका छन् । यसबाट उम्कने होइन, सही र समुचित प्रयोग गर्ने कला र शैली मानिसमा विकास हुनु जरुरी छ । प्रविधि मानिसको सहयोगी हो । तर, मानिस प्रविधिको हली गोठालो बस्न थालिसकेको छ । यसले सिर्जनात्मकभन्दा पनि यान्त्रिक सोच, यन्त्रवत् दिमाग र यान्त्रिक तौरतरिकाको विकास गरिरहेको छ । मानिसका विशिष्ट सोच र काम गराइमा यान्त्रिक एकता र समानता आउन थालेका छन् । एलन मस्कको दिमागी चिप्सले मानिसलाई यन्त्रमा परिणत गरिदिने खतरा बढेर गएको छ । तथापि, दिमागी चिप्सको मानिसले संसारभर खुलेर प्रशंसा गर्न थालिसकेका छन् । सेवा र सुविधाभोगी मानिस प्रविधिको संसारमा रमाउन थालिसकेको छ । अब मानिसले जोड, घटाउ र गुणन बिर्सन थालिसकेको छ । तीव्र रूपमा परिवर्तन भइरहेको विज्ञान तथा प्रविधिले मानिसको काम निकै सजिलो बनाइदिए पनि मानिसमा आलस्य र बुद्धुपनको विकास गरिरहेको छ । जे कामका लागि पनि मोबाइल तथा कम्प्युटर मा एप डाउनलोड गर्ने र काम चलाउने चलन स्वीकार्य भइसकेको छ । नयाँ प्रविधिबाट मानिसले छोटो समयमा धेरै काम र कठिन काम गर्नसके पनि यसको दीर्घकालीन प्रभाव भने अनभिज्ञ रहेको देखिन्छ । प्रविधिका विभिन्न टुलको प्रयोग व्यापक बन्दै गइरहेको छ । त्यसमा पनि टुल्स वा एपको प्रयोग कसरी गर्ने भन्ने जानकारी मानिसलाई कमै मात्र थाह छ । लाग्छ, काम चले र चलाए भइगयो नि ।

आजको समय प्राविधिक टुलहरूको समय हो, अझ त्यसमा नयाँ प्रविधियुक्त उत्पादनहरू दैनिकजसो फेरिने र हेरिने गरिन्छन् । मानिस केही पनि नसोचेर ती एप वा टुल्स डाउनलोड र उपयोग गरिहाल्छन् । कतिपय त बिनापैसामा सिकारुका लागि दिने गरिएको देखिन्छ । मानिस दायाँबायाँ नहेरेर नयाँ देखिने अनावश्यक टेक टुल वा डिभाइस डाउनलोड गरिहाल्छन्, त्यो पनि सौखका साथ । धेरै मानिस प्रविधि संसारसँग अनविज्ञ छन् । टेक टुल जानकारी कम मात्र छ । मानिसले समय र पैसाको प्रवाह गरिरहेको छैन । खतरनाक वा आफूलाई काम नलाग्ने प्रविधि टुल पहिचान गर्न सर्वसाधारणसहित जो कोहीलाई पनि गाह्रो छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले तीव्रतामा प्रभाव पार्दै लगिरहेका बेलामा मानिसका दैनिक कामहरू यसका वरिपरि घुम्न थालिसकेका छन् ।

अहिले स्मार्टफोन सबैको हातमा छ । दैनिक नयाँ एप 'इन्स्टल' भइरहेका छन् । ती 'डाउनलोड' पनि गरिइरहेका छन् । फोनमा एप 'इन्स्टल' गर्दा अनधिकृत उपाय अपनाइएका पनि छन् । विश्वासिलो स्रोत वा एप्लिकेसन स्टोर कुन हो भन्ने थाहा पाउनै मुस्किल छ । नचिनेको लिंक र फर्जी वेबसाइटले मोबाइल वा कम्प्युटरका लागि सुरक्षा खतरा बढाउँछ । डिभाइसको क्षमता ह्रास हुन र ब्याट्री लाइफ सकिनमा यसले भूमिका निर्वाह गर्नसक्छ । यति मात्र होइन पछिल्लो समय डाटा र डिभाइसको सावलहरु पनि थुप्रै आउन थालिसकेको छ । जुन पायो त्यही एप डाउनलोड गर्दा हाम्रो मोबाइलको डिभाइसमा 'एक्सेस' राख्ने र हाम्रो अन्य मोबाइलहरुमा रहेको विवरणहरु दिनानुदिन थप असुरक्षित हुन सक्छन् । तसर्थ, यसतर्फ प्रयोगकर्ताहरु चनाखो हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# जलवायु परिवर्तनको जमिनमा प्रभाव



◆ सरोज भट्टराई

भर्खरैको रिपोर्टले हामीलाई कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभावहरूको सम्झना गराउँछ । यसले देखाउँछ कि एसिया-प्रशान्त क्षेत्रका स्थानीय समुदायहरू कतिको कडा मारमा परेका छन् ?

हामी प्रायः बाढी, पहिरो, अनियमित वर्षाको ढाँचा र तिनीहरूको तत्काल पछिको प्रभाव, यी घटनाहरूले स्थानीय जनसंख्यामा निम्त्याउने विनाशहरूको सन्दर्भमा जलवायु परिवर्तनका 'दयगतमा सोच्छौं । जलवायु तापक्रमको दीर्घकालीन परिणामहरूमा कम ध्यान दिइन्छ । हालैको प्रतिवेदन, यूएनईएससीएपी, यूएनडीपी र एडीबीको संयुक्त पहलले, कृषि क्षेत्रमा परिवर्तन भएको जलवायु ढाँचाका प्रभावहरूको धेरै नै संयमताको सम्झना प्रदान गर्दै छ, जसले एसिया-प्रशान्त क्षेत्रका स्थानीय समुदायहरूलाई कतिको कडा मार पारेको छ भन्ने देखाउँछ ।

२०२४ ईएससीएपी-एडीबी-यूएनडीपी-एसडीजी साझेदारी प्रतिवेदन, 'जनता र ग्रह : जलवायु परिवर्तनका अन्तरसम्बन्धित चुनौतीहरूलाई सम्बोधन गर्दै, गरिबी' शीर्षकमा, ग्रामीण क्षेत्रमा बसोबास गर्ने लाखौं मानिसहरूको जीविकोपार्जनमा जलवायु परिवर्तनका कारणहरू र प्रभावहरूको विस्तृत विश्लेषण हो ।

जलवायुलाई सुदृढ कृषि र दिगो खाद्य उत्पादनसँग जोड्नु र 'खाद्य प्रणालीको एकीकरण र विपद् जोखिम न्यूनीकरणमा खाद्य सुरक्षा'मा धेरै राम्रो काम गर्नु, न्यानोद्वारा बाध्य पारिएका परिवर्तनहरूप्रति मानिसहरूको अनुकूलन क्षमता बढाउने कुञ्जीहरू मात्र होइनन् । यो गरिबी र शून्य भोकमरीलाई जित्नका लागि पनि महत्वपूर्ण छ । 'एजेन्डा २०३० का दुई आधारभूत पक्षहरू' नामक प्रतिवेदनले सुझाव दिन्छ, आवश्यक परिवर्तनहरू सबै साझेदारी र सहकार्यमा आउँछन् तर यो संस्थागत सहयोग र सुशासनको बलियो रूपहरू पनि हो ।

भर्खरै 'पहाड, मानिस र जलवायु'सम्बन्धी विज्ञ संवाद २२ र २३ मेमा काठमाडौंमा हुने भएको छ । प्रतिवेदनअनुसार यो पहल वन तथा वातावरण मन्त्रालयको नेतृत्वमा नयाँ साझेदारी र सहकार्य प्रवर्द्धनमा केन्द्रित रहनेछ । मन्त्रालयका सहसचिव महेश्वर ढकालका अनुसार 'पहाडी मुलुकका सरकार, सरोकारवालाहरूलाई हिमाली जलवायु सरोकार र समाधानहरू अझ राम्ररी बुझ्ने, विशेषज्ञता र अनुभवहरू आदान-प्रदान गर्न र तालमेललाई सक्षम बनाउने' यसको मुख्य उद्देश्य रहेको छ । यो हामीलाई चाहिने कुरा हो । चुनौतीहरू धेरै ठूला छन् र समाधानहरू उपलब्ध छन् तर जटिल छन् र नयाँ सोच चाहिन्छ ।

छोटकरीमा भन्नुपर्दा नयाँ दृष्टिकोण आवश्यक छ । साझेदारी प्रतिवेदनले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न दिगो कृषि अभ्यासहरू, तल्लो तहको उद्यमशीलता र प्रकृतिमा आधारित समाधानहरूजस्ता कार्यका क्षेत्रहरू पहिचान गर्छ । व्यावहारिक रूपमा यसले 'अर्थतन्त्रमा संक्रमणबाट उत्पन्न हुने नयाँ रोजगारी सिर्जना गरी न्यायोचित संक्रमणलाई समर्थन गर्ने र गरिबी र भोकमरी उन्मूलनमा योगदान पुऱ्याउने' भन्ने सुनिश्चित गर्न कतिको महत्वपूर्ण छ भन्ने कुराको प्रकाश पार्छ । सामाजिक सुरक्षा योजनाहरूसँगै, कुशनको रूपमा प्रभावकारी तर अत्यन्त महँगो र डिजाइन गर्न गाह्रो, सम्पूर्ण एसिया-प्रशान्त क्षेत्रसँग विशेषज्ञता र क्षमताहरू छन् । स्थानीय गाउँहरू कसरी जलवायु अनुकूलन समाधानहरूमा सक्रिय रूपमा संलग्न हुन्छन् भन्ने 'दयगत धेरै उत्कृष्ट अभ्यासहरू पनि छन् 'अबगकभ, अनिवार्य रूपमा, स्थानीयहरूले प्रायः प्रभावकारी कार्यहरूको कुञ्जी राख्छन् । तिनीहरू चर्को नहुन सक्छन्, तर किसानहरूले अझ राम्रा जैविक अभ्यासहरू अपनाएमा वा उनीहरूले ऊर्जाको नवीकरणीय स्रोतहरूको अवसरहरू अँगालेपछि तिनीहरूले फरक पार्न सक्छन् । तर, यी प्रत्येक समाधानहरूले तिनीहरूको कार्यान्वयनमा जटिल गतिशीलता सामना गर्छन् । एकातिर, यो वित्तीय स्रोत र विशेषज्ञता र मार्गदर्शनका 'दयगतमा पनि हो । अर्कोमा, यो वास्तवमै निर्णय गर्ने तरिकामा नवीनताका 'दयगतमा हो । यसैले अर्को महिना विशेषज्ञ संवाद सर्वोपरि हुनेछ, तर एकै समयमा यो पनि केही अपेक्षाहरू सेट गर्न महत्वपूर्ण छ ।

पहिलो र प्रमुख, यो केवल एक 'एकल' पहल हुनुहुँदैन । घटनाले विज्ञहरूबीच मात्र नभई थप परामर्शको रोडम्यापको नेतृत्व गर्नुपर्छ । विज्ञहरू र यस पक्षमा वार्तालाप हुनु महत्वपूर्ण र हँदा, त्यस्ता प्लेटफर्महरू विद्यमान (कम्तीमा कागजमा) परामर्श संयन्त्रहरूसँग जोडिनुपर्छ जुन संघीय सरकारले विरलै सक्रिय रूपमा सक्रिय भए पनि पहिले नै स्थापना गरिसकेको छ । उदाहरणका लागि, जलवायु परिवर्तन परिषद् र जलवायु परिवर्तन समन्वय समितिजस्ता निकायहरू पुनः सक्रिय मात्र होइन, पुनः बुट र वास्तवमा परामर्शदाता निकायहरू, संलग्नता र गैर-राज्य पक्षहरूलाई संलग्न गराउने संस्थाहरूको रूपमा पुनः डिजाइन गर्नुपर्छ । तर, निजामती कर्मचारी र नागरिक समाज र निजी क्षेत्रका विज्ञहरूबीचको बलियो समन्वय पनि पर्याप्त हुनेछैन । तल्लो तहसम्म मात्र नभई एक तहको छलफल आवश्यक छ । पक्कै पनि यसले बहसको दायरा विस्तार गर्दै जलवायु न्यूनीकरण र स्थानीय तहमा अनुकूलनका वार्तालाई विस्तार गर्न मद्दत गर्नेछ । सन् २०१९ मा प्रकाशित प्रकृति रिसोर्स सेन्टरद्वारा एक शानदार अनुसन्धान पत्र, नेपालमा जलवायु कार्य स्थानीयकरण गर्न चार स्तम्भ ढाँचा प्रदान गर्छ । यस दृष्टिकोणभित्र, अनुसन्धानले नीति निर्माण र समन्वय सर्वोपरि छ भन्ने बुझाउँछ । जलवायु न्यूनीकरण र अनुकूलनलाई स्थानीयकरण गर्न परम्परागत उपायहरूमा तलदेखि माथिसम्मै के कस्ता बाधाहरू छन् भनेर रेखांकित गर्छ । नेपाल र यस क्षेत्रका अन्यत्र चुनौतीहरू निकै डरलाग्दा छन् ।

नेपालको विशिष्ट अवस्थामा स्थानीय सरकारहरू परामर्श वा प्रत्यक्ष संलग्न हुने कार्यमा खुलेर लागेका छैनन् भन्ने कुरा माथि उल्लिखित केन्द्रका अनुसन्धानकर्ताहरूले गरेको कामबाट पनि पुष्टि भएको निष्कर्ष हो । हामीलाई साँच्चै पुनः नयाँ काम सुरू गर्नु आवश्यक छ । यसमा गम्भीरतापूर्वक सोच्नुहोस् कि के र कसरी स्थानीयकरण जलवायु कार्यले काम गर्नसक्छ र प्रभावकारी हुनसक्छ । शब्दजालभन्दा पर गएर, हामी समन्वयको कुरा गर्दा, यो कसरी प्रकट गर्नुपर्छ ? हामीले कसरी यो सुनिश्चित गर्न सक्छौं कि समन्वयमा नीति र कानुन केन्द्रित छलफल मात्रै नभई स्थानीय जनतालाई संलग्न गराउने खालको समन्वय हुनुपर्छ ।

एजेन्डा २०३० ले नागरिकहरूलाई निर्णय लिने भाग बन्न सक्षम बनाएर सशक्तीकरण गर्ने ठूलो अवसर प्रदान गर्छ भन्ने कुरा धेरैले बुझेका छैनन् । नेपालले सिर्जना गरिरहेको बहु-शासन प्रणालीका सबै तहमा फराकिलो, खुला र पारदर्शी परामर्श सुनिश्चित गर्नु एक अर्थमा जनताले सोच्नसक्ने क्षमतामा आधारित वास्तविक सहभागितातर्फको पहिलो कोसेढुंगा हुनेछ ।

थप दिगो कृषि अभ्यासहरू लागू गर्नु, ग्रामीण क्षेत्रमा विशेषगरी महिलाहरूलाई आर्थिक रूपमा उत्पादक भूमिकामा राखेर र राम्रो शिक्षा र सीप विकास प्रणालीहरू गरेर ग्रामीण क्षेत्रमा लचिलो रोजगारीको बजार स्थापना गर्ने अवस्था सिर्जना गर्नु विज्ञ, नीति र पैसाको मात्र कुरा होइन । रणनीतिक तथा सामाजिक-आर्थिक अनुसन्धान प्रतिष्ठानले गत १ वैशाखमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले सुशासनको केन्द्रबिन्दुको कुरा गरेका थिए । निर्णयमा नागरिकहरूलाई संलग्न गराउनाले पारदर्शिता र जवाफदेहितालाई बढावा दिन्छ, जुन सुशासनका आवश्यक स्तम्भहरू भएको उनले बताएका थिए । वातावरणीय जोखिम न्यूनीकरण गर्ने प्रशासनिक संयन्त्रलाई अनुकूल बनाउनु महत्वपूर्ण भएको प्रधानमन्त्री प्रचण्डले बताएका थिए । उनले जनतालाई सामेल गराउने सरकारको प्रयासको चर्चा गरे । साझेदारी २०२४ प्रतिवेदनका अनुसार, सम्पूर्ण एसिया-प्रशान्त क्षेत्रका ग्रामीण क्षेत्रहरूमा जलवायु तापक्रमको चुनौतीहरूलाई सफलतापूर्वक जित्न, स्थानीय कृषि अभ्यासहरूको शक्ति प्रयोग गर्ने र बोर्डभर खाद्य सुरक्षा सुनिश्चित गर्ने मुख्य सक्षमकर्ताहरूमध्ये एक 'संस्थागत क्षमता निर्माण' हो ।

यसलाई जलवायु-जोखिम मूल्यांकन र शासनका लागि संस्थाहरूको क्षमता विकास सबै तहमा प्रभावकारी सार्वजनिक निर्णयका लागि महत्वपूर्ण भएको व्याख्या गरिएको छ । 'प्रभावी नीति निर्माणका लागि सरकारका विभिन्न तहहरूमा समन्वय आवश्यक हुन्छ र यसमा निजी क्षेत्र, नागरिक समाजका संस्थाहरू, वित्तीय संस्थाहरू र अन्तर्राष्ट्रिय संस्थाहरूलगायत सबै सम्बन्धित सरोकारवालाहरूलाई समावेश गर्नुपर्छ,' प्रतिवेदनले स्पष्ट पारेको छ ।

प्रकाशनले एडीबी परियोजना, सामुदायिक लचिलोपन साझेदारी कार्यक्रम (सीआरपीपी) कसरी निर्णय प्रक्रियामा महिलाहरूको सहभागिता बढाउने प्रयास गरिरहेको छ ? यसले थप प्रभावकारी र समावेशी लचिलोपन रणनीतिहरूतर्फ डोऱ्याउँछ भन्ने कुरामा पनि जोड दिन्छ । तर, यस्तो आर्थिक सहयोग दीर्घकालीन रूपमा कतिको सार्थक हुन्छ ? स्थानीय स्वामित्वका 'दयगतमा के हो ? एउटा प्रस्तावः के हामी, अन्त्यमा जलवायु तापक्रमविरुद्धको लडाइँमा व्यवहारमा यी सबै 'जागरण'को अर्थ के हो भनेर मानिसहरूलाई निर्णय गर्न दिन सक्छौं ?

के नेपालले साँच्चै समावेशी र रूपान्तरणकारी संघीयताको तल्लो तहमा आफ्ना नागरिकहरूलाई सशक्त बनाउन सक्छ ? यसबाहेक, यो साँच्चै समय आएको छ कि प्रधानमन्त्री दाहालले आफ्नो दूरदर्शी वयानबाजीलाई वास्तविक ग्राउन्ड ब्रेकिङ शासन कार्यहरूको साथ समर्थन गर्न थालेका हुन त ? हुनसक्छ अर्को महिना काठमाडौंमा हुन लागेको नीति तथा विज्ञ संवादले यी जवाफहरू वास्तवमा जिम्मेवार व्यक्तिहरू अर्थात् नागरिकले सम्बोधन गर्ने मार्ग प्रशस्त गर्नसक्छ ।

# नुनको प्रयोगलाई लिएर विश्वभर किन बढेको छ चिन्ता !

मानिसहरूले नुनको प्रयोग मानव सभ्यताको सुरुदेखि नै गर्दै आएका छन् चाहे त्यो खाना प्रशोधन गर्न होस् वा जोगाउन होस् वा स्वादमा सुधार गर्न होस् । प्राचीन रोममा व्यापारका लागि नुन असाध्यै महत्त्वपूर्ण थियो, उदाहरणका लागि, सेनाहरूलाई तलबस्वरूप नुन दिइन्थ्यो ।

नुनको महत्त्व आंशिक रूपमा खानालाई जोगाइराख्नका लागि पनि थियो। खानामा किटाणु नलागोस् भनेर पनि नुनमा राखिन्थ्यो । खानालाई अमिल्याउन ब्याक्टेरियाहरूको विकास अनुगमन गर्न पनि नुनको प्रयोग गरिन्थ्यो।चाहे त्यो बन्दा अमिल्याउन होस् वा अलिभ वा पाउरोटी वा चीज वा किम्ची बनाउन नै किन नहोस् नुनको प्रयोग हुन्थ्यो ।

नुन (खासगरी अति प्रशोधित खानेकुराको स्वाद बढाउन वा खानेकुरा जोगाउन प्रयोग हुने सोडियम क्लोराइड)को अत्यधिक प्रयोगले मानिसहरूलाई रोगी बनाइरहेका प्रमाणहरू बढिरहेको देखिन्छ । अत्यधिक नुनले रक्तचाप बढाउँछ भने यसले हृदयाघात वा मस्तिष्कघात हुन सघाउँछ ।

नुनका कारण पेट र मलाशयको क्यान्सरको खतरा पनि बढ्न सक्छ। यसले हड्डी र मोटोपना अनि श्रवण शक्तिमा पनि असर गर्न सक्छ । कुनै बेला सुन जस्तै महत्त्वपूर्ण मानिने नुनलाई अहिले कसरी धेरै चिकित्सासम्बन्धी संस्थाहरूले रोगको प्रमुख सूचकका रूपमा लिइरहेका छन् ? नुनको वकालत गर्नेहरूसँग यो प्रश्नको जबाफ हुनसक्छ ।

ग्यास्ट्रोइन्टेरोलोजिस्ट र वाशिङ्टन विश्वविद्यालयका अनुसन्धान गर्ने वैज्ञानिकका रूपमा तपाईंको पेटमा हुने माइक्रोबहरूले पनि नुनले रोग निम्त्याउन कसरी मद्दत गर्छ भन्ने बुझाउन म बढ्दो प्रमाणहरू तपाईंहरूसँग बाँड्न चाहन्छु ।

## रक्तचापमा भूमिका

रक्तचाप र मुटुको रोगमा नुनको भूमिका यसले रक्त धमनीभित्र पानीको मात्रा कति नियमित गर्छ भन्नेमा भर पर्छ ।

सामान्य रूपमा बुझ्दा रगतमा जति बढी सोडियम भयो त्यति नै बढी पानी यसले रक्त धमनीमा तान्छ। यसले रक्तचाप बढाउँछ र त्यसपछि हृदयाघात र मस्तिष्कघातको खतरा पनि बढाउँछ । रक्तचापमा नुनको असरबारे केही मानिसहरू कम वा बढी संवेदनशील हुन सक्छन् । हालैको अनुसन्धानले पेटमा हुने माइक्रोबायोमका कारण पनि नुनले रक्तचाप बढाउन सक्छ ।

नुनले स्वस्थ माइक्रोब भनिने सूक्ष्म जीवाणुलाई र फाइबरबाट बन्ने मेटाबोलाइट (जीव तत्त्वमा परिवर्तन हुँदा बदलिने वस्तु) घटाइदिन्छ । यी मेटाबोलाइट्सले रक्त धमनीमा जलन घटाइदिन्छ र त्यसले रक्तचाप कम गर्न मद्दत गर्छ । केही अपवादबाहेक नुनको धेरै मात्राले हाम्रो खाना पचाउन मद्दत गर्ने माइक्रोबलाई विषालु बनाइदिन्छ ।

त्यही कारण मानिसहरूले नचाहिने ब्याक्टेरियाहरू नआओस् र खाना लामो समय नबिग्रियोस् भनेर नुनको प्रयोग गर्दै आएका हुन् ।

तर आधुनिक खानेकुरामा धेरै नै सोडियम हुन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार औसत मानिसलाई प्रति दिन २,००० मिलिग्रामभन्दा कम नुन खानु स्वास्थकर हुन्छ । विश्वव्यापी औसत हेर्ने हो भने स्वास्थ्यकर तहभन्दा हाम्रो पेटमा बढी अर्थात् ४,३१० मिलिग्राम नुन खपत हुन्छ ।

## मोटोपनामा नुनको भूमिका

हामीले खाने प्रत्येक खानामा दैनिक बढ्ने प्रत्येक ग्राम सोडियमले मोटोपना हुने खतरा १५ प्रतिशतले वृद्धि गर्ने एउटा अध्ययनले अनुमान गरेको छ । अमेरिकाको न्याशनल इन्स्टिट्यूट्स अफ हेल्थले गरेको पोषणसम्बन्धी मापदण्डबारेको अध्ययनले जो व्यक्तिले अति प्रशोधित खानेकुरा खान्छ उसले प्रशोधित खाना नखाने मानिसको दाँजोमा दुई सातामा करिब ५०० क्यालोरी बढी खपत गरेको र एक किलो वजन बढेको पाइयो ।

दुई वटा खानामा भएको सबैभन्दा ठूलो भिन्नता भनेको अति प्रशोधित खानामा भएको थप १.२ ग्राम सोडियम हो । नुन बढी खाँदा क्यालोरी नभए पनि किन वजन बढ्छ भन्ने एउटा व्याख्या के हो भने सोडियमले खानेकुराको तलतल बढाउँछ । चिनी र अस्वस्थकर फ्याटसँग सोडियम मिसाएको खानेकुरा खाँदा पनि मोटोपना बढ्छ किनभने यी खानेकुरामा थप खानाको तलतल बढाउने क्षमता हुन्छ र त्यसले हाम्रो दिमागलाई त्यसैगरी निर्देशित गर्छ ।

नुन खानु तलतल लाग्ने बानीसँग पनि जोडिएको हुनसक्छ। माइक्रोबायोम मेटाबोलाइट्सले वजन घटाउन वीगोभी र ओजेम्पिक अर्थात् पेटमा हुने जीएलपी-१ हर्मोनको विकास गर्न मद्दत गर्छ । जीएलपी-१ मार्फत् एउटा स्वस्थ माइक्रोबायमले भोक, ब्लड सुगरको मात्रा र इनर्जी फ्याटको रूपमा राख्ने वा नराख्ने भन्ने शरीरको निर्णयलाई नियन्त्रण गर्छ । तर धेरै नुनले भने यस्तो हर्मोनको विकासमा बाधा पुर्‍याउँछ । समुद्री पानीबाट नुन हटाउने देशहरू थुप्रै देशहरूले नुनको खपत घटाउने अभियान लागु गरिरहे पनि अझै पनि विश्वका धेरै भागमा सोडियमको खपत बढ्दो छ ।

नुनको खपत कम गर्ने कुरामा अमेरिका अझै पनि पछाडि नै रहे पनि थुप्रै युरोपेली देशहरूले भने नुनको खपत कम गर्दा हुने फाइदा अभियानमार्फत् मुटु रोगका कारण हुने मृत्यु लगायतमा कम देख्न थालिसकेका छन् । युरोपेली देशहरूमा नुनको खपत कम होस् भनेर नुनको मात्राको लेबल राख्ने, नुन सीमित गर्न कर लगाउनेलगायत अभियान सुरु गरिएको छ ।


फास्ट फूड सामग्रीहरूमा पनि देशपिच्छे नुनको मात्रा फरक भएको खुलासा भएको छ। उदाहरणका लागि अमेरिकामा मक्डोनल्डस्को चिकन नगेट्स्रू अनि कोकाकोलामा अन्य देशमा भन्दा धेरै नुन भएको पाइयो । अमेरिकामा नुनको बढी खपत हुनमा नुनको उद्योगको भूमिका हुन सक्छ। सन् २०१० मा नुनमाथिको सरकारी नियमन रोक्नका लागि त्यहाँ पैरवी भयो। नुन भएका खानेकुराहरूको बिक्री राम्रो हुन्छ।

धेरै वर्षसम्म नुन उद्योगहरूले जनस्वास्थ्यसम्बन्धी सन्देशलाई नै दुबिधामा पारेको हुनसक्छ। नुनको खपत घटाउन किन महत्त्वपूर्ण छ भन्ने कुरामा जोडतोडका साथ बुझाइएन । तर खानामा नुन कम हाल्ने क्रियाकलाप बढ्दै छन् र त्यसबारे संस्थाहरूले पनि प्रतिक्रिया जनाइरहेका छन् ।

सन् २०२१ मा अमेरिकाको कृषि मन्त्रालयले नयाँ उद्योग निर्देशिका जारी गरेको छ जसमा व्यावसायिक रूपमा तयार र प्रशोधन गर्ने खानेकुरामा बिस्तारै नुनको मात्रा घटाउँदै जान आह्वान गरिएको छ ।

*-बीबीसीबाट*

# क्यान्सरको तुलना किन गंगटोसँग गरियो ?



क्यान्सर एउटा यस्तो रोग हो जो शरीरको कुनै पनि भागमा एक नयाँ, अनियन्त्रित तथा लगातार बढिराख्ने असामान्य कोषहरूको समूहलाई प्रतिनिधित्व गर्दछ र यो शरीरको लागि खतरनाक हुन्छ । क्यान्सर कोषहरू शरीरको सामान्य कोषहरूभन्दा भिन्दै खालको हुन्छ । कोषहरूको आकार, नाप र भित्री बनावट फरक-फरक हुन्छ ।

क्यान्सर आफू नजिकका तन्तुहरूलाई असर पार्नुको साथै शरीरको अरू भागमा पनि फैलिन सक्छ । क्यान्सर सरूवा रोग होइन । क्यान्सर जसलाई पनि हुन सक्ने रोग हो । धनी, गरिब, अनपढ, पढेलेखेको, गाँउ-शहर, तराई/पहाडमा बस्ने मान्छेमा हुन सक्छ । क्यान्सरलाई साधारणतया मासु पलाएको र रगतको क्यान्सर भनेर दुई भागमा बाँड्न सकिन्छ ।

क्यान्सर १०० भन्दा बढी किसिमका हुन्छन् । क्यान्सर रोगको विस्तृत अध्ययन गरिने चिकित्सा विज्ञानलाई अन्कोलोजी भनिन्छ । क्यान्सरको बनावट तथा व्यवहार गंगटोसँग मिल्ने भएको हुनाले क्यान्सरलाई प्रायः गंगटो भनेर बुझिन्छ । गंगटो एकदमै कडा तथा खस्रो बनावटको हुन्छ । एकचोटी गंगटोले समाए पछि छुट्याउन गाह्रो हुन्छ । क्यान्सर भएको गाँठो साह्रो तथा नजिकै तन्तुसँग टाँसिएको हुन्छ ।

ग्रिक फिजिसियन हिप्पोक्रेट (४६०-३७० बीसी, जसलाई चिकित्सा विज्ञानका पिता भनिन्छ)ले यो शब्दको सिर्जना गरेका हुन्छन् । अल्सर नगराउने र गराउने ट्युमरको व्याख्या गर्न कार्सिनोस र कार्सिनोमा शब्दको प्रयोग गरे ।

ग्रीकमा यी शब्दहरूले गंगटो बुझाउँछन् । ल्याटिन शब्द क्र्याबलाई रोमन फिजिसियन सेल्ससले ग्रिक शब्दावली क्यान्सरमा अनुवाद गरे। अर्को ग्रिक चिकित्सक ग्यालेनले ट्युमरलाई बुझाउन अन्कोस (ग्रिकमा सुन्निनु) शब्दको प्रयोग गरे। जसबाट अहिले अन्कोलोजी, अन्कोलोजिस्ट जस्ता शब्दावली बनेका छन् ।






# पत्रकार महासंघ मकवानपुरको १८ औं साधारणमा २ पत्रकारलाई सम्मान

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको १८ औं साधारणसभा तथा १२ औं अधिवेशनको अवसरमा मकवानपुरमा दुईजना पत्रकारलाई सम्मान गरेको छ । १९ वैशाखमा भएको साधारणसभामा अग्रज पत्रकारको रूपमा नवराज शर्मा र क्रियाशील पत्रकारको रूपमा सरिता दाहाललाई सम्मान गरेको हो ।

दुवैजनालाई नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, प्रमुख अतिथि हेटौंडा उपमहानगर पालिकाका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । मेयर लामाले मकवानपुरका सञ्चार क्षेत्र र सञ्चारकर्मीको हकहितका लागि सहयोग गर्न उपमहानगरपालिका सदैव तयार रहेको बताइन् । ज्येष्ठ पत्रकार पेन्सन कोष, उपचार कोष लगायतका क्षेत्रमा सहयोग गर्दै आएको स्मरण गराउँदै उनले आगामी दिनमा पनि सहयोग एवम् सहकार्यका लागि तयार रहेको बताएकी हुन् । कार्यक्रममा पत्रकार महासंघ केन्द्रीय सचिव सृजना अर्यालले पत्रकार महासंघले शुद्धिकरण अभियान सञ्चालन गरिरहेकोले यसमा सबैको साथ जरूरी रहेको धारणा राखिन् ।

कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, बागमती प्रदेश अध्यक्ष शिव देवकोटा, मकवानपुर का पूर्व अध्यक्ष नवराज शर्मा, निवर्तमान अध्यक्ष हरि हुमागाईं, प्रेस युनियनका अध्यक्ष सुवास विडारी, प्रेस चौतारीका अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस सेन्टर का अध्यक्ष अञ्जली अधिकारी, समाजवादी प्रेस संगठनका अध्यक्ष शिव चौलागाईं, स्वतन्त्र पत्रकार संघ मकवानपुरका अध्यक्ष गोकुल अधिकारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । साधारणसभाले सचिव शुभलक्ष्मी विश्वकर्माको प्रगति प्रतिवेदन र कोषाध्यक्ष केशव समर्पण सुवेदीको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# बागमती प्रदेशमा नेपाल र तामाङ भाषा सरकारी कामकाजी भाषा

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले सरकारी कामकाजी भाषा ऐन कार्यान्वयन गर्ने भएको छ । २४ वैशाखबाट औपचारिक रूपमा सरकारले जारी गरेको प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० कार्यान्वयन गर्ने भएको हो ।

गत २०८० असोज २२ मा बागमती प्रदेशसभाबाट 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' पारित गरिएको थियो भने कार्तिक २३ गतेका दिन प्रदेश राजपत्रमा प्रकाशित भएको थियो । राजपत्रमा प्रकाशित भएको १८० औँ दिनमा ऐन कार्यान्वयनमा जाने कानुनी व्यवस्था रहेकाले सोही अनुसार वैशाख २४ बाट ऐन कार्यान्वयनको घोषणा गरिने भएको हो । उक्त ऐनले नेपाल र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने व्यवस्था गरेको छ ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले बिहान ९ बजे काठमाडौंको वसन्तपुरमा एक औपचारिक कार्यक्रम गरि ऐन कार्यान्वयनको घोषणा गर्ने तयारी गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा बिहान ७ बजे ज्यालीसहित वसन्तपुर क्षेत्र परिक्रमा गरि औपचारिक कार्यक्रममा सहभागी हुने तालिका रहेको छ ।

नेवाः समुदायको राष्ट्रिय संगठन नेवाः देय् दबू र तामाङ समुदायको राष्ट्रिय संगठन तामाङ घेदुङको व्यवस्थापनमा वसन्तपुरबाट स्थानीय नेवाः र तामाङ समुदायको सांस्कृतिक भेषभुषा एवं बाजागाजा सहित सांस्कृतिक ज्याली कुमारीको रथयात्रा परिक्रमा गर्ने र सांस्कृतिक मार्ग हुँदै पुनः वसन्तपुरमै पुगी सभामा परिणत हुनेछ ।

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक रहेको र सांस्कृतिक बहुलतालाई संविधानले अङ्गीकार गरेले को भाषिक/सांस्कृतिक विविधतालाई व्यवस्थापन गर्न व्यवस्था परिवर्तन भएकाले सो ऐन कार्यान्वयन जरूरी रहेको प्रदेशका संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले जानकारी दिए । भाषा ऐन कार्यान्वयन घोषणा पश्चात् बागमती प्रदेश सरकार मातहत र प्रदेशका ११९ स्थानीय तहको नाम ४ भाषामा लेखिने उनले बताए । उनका अनुसार कार्यालयको बोर्ड र लेटर हेडमा नेपाली, अङ्ग्रेजी, तामाङ र नेपाल भाषामा नाम रहने छ ।

संविधानको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न भाषा आयोगको सिफारिसमा प्रदेश सरकारले पारित गरेको 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' जारी गरेको र सो ऐन २४ वैशाखबाट लागू हुने उनले बताए । भाषा ऐन कार्यान्वयन एक ऐतिहासिक उपलब्धि भएकाले प्रदेश सरकारले राष्ट्रिय महत्त्व दिएर सार्वजनिक बिदा समेत घोषणा गरेको उनको भनाइ छ ।

# किसान सूचीकृत नभए अनुदान नपाउने कानून आउँदै

◆ विकास संवाददाता

स्थानीय स्तरमा किसान सूचीकरण सम्बन्धी २ दिने तालिम चितवनमा सम्पन्न भएको छ । मकवानपुर र चितवन जिल्लाका स्थानीय तहका किसान सूचीकरण फोकल पर्सनहरूलाई तालिम दिइएको हो ।

कृषि सूचना तथा प्रशिक्षण केन्द्र हरिहर भवन ललितपुरको आयोजनामा २० र २१ वैशाखमा तालिम भएको हो । तालिमका सहभागीहरूलाई प्रशिक्षण केन्द्रका वरिष्ठ तथ्याङ्क चेत बहादुर रोका र पशु चिकित्सक डाक्टर संजिव पण्डितले सहजीकरण गरेका थिए । तालिमको अवसरमा मकवानपुर र चितवनमा किसान सूचीकरणको अवस्था तथा यसको महत्वका विषयमा डाक्टर पण्डितले प्रष्ट्याएका थिए । तुलनात्मक रूपमा मकवानपुर सूचीकरण कार्यक्रममा अघि रहेको बताउँदै जिल्लामै मकवानपुर गढी गाउँपालिका सबैभन्दा अग्रस्थानमा रहेको र कैलाश गाउँपालिकाको प्रगती प्रायः शुन्य रहेको जानकारी गरायएको थियो ।

किसान सूचीकरण नभए संघ, प्रदेश र स्थानीय तहको अनुदान लगायतका कार्यक्रममा सहभागी हुन नपाउने कानूनको ड्राफ्ट तयार हुँदै गरेको तालिममा जानकारी गराइएको थियो । संघीय सशर्त बजेटमा किसान सूचीकरणका लागि थोरै बजेट पालिकाहरूलाई प्राप्त हुने गरेको भएपनि पालिकाहरू आफैले बजेट व्यवस्था गरी निर्देशिका अनुसार किसान सूचीकरण गर्नुपर्ने औल्याइएको थियो ।

# बागमतीको बजेट अधिवेशन वैशाख ३१ गते बोलाउने

◆ विकास संवाददाता

बागमती प्रदेशसभाको बजेट अधिवेशन वैशाख ३१ गते बोलाउन दलहरू सहमत भएका छन् । २१ वैशाखमा सभामुख भुवनकुमार पाठकको आह्वानमा बसेको सर्वदलीय बैठकले बैशाख ३१ गते बजेट अधिवेशन बोलाउने सहमति भएको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बताए ।

जेठ १ गते सरकारका प्राथमिकता र सिद्धान्तमाथि छलफल गर्ने, १४ गते नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र असार १ गते बजेट ल्याउने सहमति जुटेको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिए। बैठकले संसदीय समिति सभापति चयनका लागि दलका प्रमुख सचेतकहरू सदस्य रहेको कार्यदललाई नै सहमति जुटाउन अनुमति दिने निर्णय गरेको उनले बताए। जेठको पहिलो हप्तासम्ममा सर्वसम्मत समिति सभापति चयन गर्ने मुख्यमन्त्री जम्कट्टेलको दावी छ । यता प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले दुईवटा समितिको सभापति पाउनुपर्ने अडान राखेको छ ।

संसदीय दलका नेता बहादुरसिंह लामाले संसदको सबैभन्दा ठूलो दलको हैसियतले कांग्रेसले दुईवटा समितिको सभापति पाउनुपर्ने आफूहरूको बटमलाइन रहेको बताए । दुई वटा समितिको नेतृत्व पाए मात्र सहमति हुन सक्ने नभए निर्वाचन प्रक्रियामा अघि बढ्ने उनको भनाइ छ । आगामी आर्थिक वर्षको बजेट सन्तुलित बनाउने विषयमा पनि दलहरू सहमत भएका छन् ।

# बकैयामा प्रदेशस्तरको अस्पताल बनाउन माग




◆ विकास संवाददाता

मकवानपुरको बकैयामा प्रदेशस्तरको अस्पताल बनाउन माग गरिएको छ । बकैया गाउँपालिका उपाध्यक्ष एवम् माओवादी केन्द्र बकैया अध्यक्ष भक्तबहादुर खत्रीले बकैया आधारभूत अस्पताललाई स्तरबृद्धि गरेर प्रदेशस्तरको अस्पताल बनाउन माग गरेका हुन् ।

प्रदेशको राजधानी हेटौंडामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित हेटौंडा अस्पताल, निजी अस्पताल र क्लिनिक रहेपनि पूर्वीक्षेत्र स्वास्थ्यको पहुँचबाट टाढा भएको बताउँदै बकैयामा प्रदेशस्तरको अस्पताल माग गरिएको हो । हेटौंडामा हेटौंडा अस्पताल सहित निजी अस्पताल र क्लिनिक छ, पश्चिमी क्षेत्र मनहरीमा छिमेकी जिल्ला चितवनमा स्वास्थ्य सेवा लिन सकिने अवस्था छ तर, बकैय स्वास्थ्यको क्षेत्रमा पछाडि परेको उपाध्यक्ष खत्रीले बताए । बकैयामा रहेको बकैया आधारभूत अस्पताललाई स्तरबृद्धि गरेर प्रदेशस्तरीय अस्पताल बनाउन सके पूर्वीक्षेत्र बकैया, बागमती सहित छिमेकी जिल्ला ललितपुर, सिन्धुली र काभ्रेका केही भूभागलाई समेत पाएक पर्ने उपाध्यक्ष खत्रीको भनाइ छ ।

हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ, धरान-चतरा-सिन्धुली-हेटौंडा मदन भण्डारी राजमार्ग, निर्माणाधीन तराइ-काठमाडौं जोड्ने द्रुतमार्ग, निर्माणाधीन हात्तिसुँडे सडक र मधेश प्रदेश जोड्ने सडकहरू बकैया-बागमती हुँदै जोडिने भएकाले पछिल्लो समय यहाँ सवारी दुर्घटना र अन्य विभिन्न घटना भएकाले उपचारका लागि पनि बकैयामा प्रदेशस्तरको अस्पतालको माग उठिरहेको हो । यो सडकमा अहिले दिनहुँ जस्तो सवारी दुर्घटना हुने र दुर्घटनामा परेर ज्यान गुमाउनुपर्ने अवस्थाले बकैयामै सुविधा सम्पन्न अस्पताल भए चाँडो उपचार हुनसक्ने र मृत्युदर घटाउन सकिने स्थानीयको भनाइ छ ।

# साना बलेरो हैन, खैराङ्मा सरर बस कुदाउँछौं

◆ विकास संवाददाता

साना बोलेरो भ्यानको असुरक्षित यात्राबाट चौतर्फी आलोचना खेप्दै आइर हेको विकट राक्सिराङ गाउँपालिका-९ खैराङ क्षेत्रलाई लक्षित गरी अर्को वर्षबाट यात्रुबाहक बस चलाउने गरी रूट अनुमति लिइने गाउँपालिका अध्यक्ष राजकुमार मल्लले प्रतिबद्धता जनाएका छन् ।

उनले जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयलगायत नियामक निकायले अहिले पनि बोलेरो भ्यानले ओभरलोड बोकिरहेको र क्षमताभन्दा बढी यात्रु बोकिरहेको भन्दै गुनासो गरिरहेको सुनाए । 'यो क्षेत्रमा अहिले बोलेरोबाहेक यात्रु बोक्ने अरू सबारी साधन चलेको छैन ।' अध्यक्ष मल्लले भने, 'अर्को वर्ष यस क्षेत्रमा रूट परमिट लिएरै बस चलाएर सहज ढंगले यात्रु ओसार पसार गर्ने व्यवस्था मिलाइनेछ ।'

राक्सिराङ गाउँपालिका-९ मा आयोजित सार्बजनिक सुनुवाइ कार्यक्रममा अध्यक्ष मल्लले आफू गाविसको अध्यक्ष हुँदादेखिकै खैराङमा अस्पताल बनाउने सपना पूरा हुँदै गएको जानकारी दिए । सडक व्यवस्थापन गरी १२ महिना चल्ने बाटो निर्माणका लागि संघीय र प्रदेश सरकारलाई समेत साथमा लिएर खैराङवासीको हितका लागि योजना निर्माण भइरहेको उनको भनाई थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# इन्द्रसरोवर गाउँपालिकाको ३ महिनाको वित्तीय प्रगती २३ प्रतिशत



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको ३ महिनाको वित्तीय प्रगती २३.११ प्रतिशत भएको छ । गाउँपालिकाले सार्वजनिक गरेको आम्दानी खर्चको विवरण अनुसार २०८० माघदेखि २०८० चैत्रसम्ममै कुल बजेटको २३.११ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजित ४९ करोड २८ लाख २ हजारमा चैत्र मसान्तसम्म ११ करोड ३९ लाख २५ हजार ८ सय ७२ रूपैयाँ खर्च भएको छ । सूचनाको हक सम्बन्धि ऐन, २०६४ तथा नियमावली २०६५ अनुसार सार्वजनिक निकायले ३/३ महिनामा सार्वजनिक गर्ने स्वतः प्रकाशन मार्फत पालिकाले यस्तो जानकारी दिएको हो ।

पालिकाको क्षेत्रगत वित्तीय प्रगती अन्तर्गत तीन महिनामा आर्थिक विकास तर्फ ४ करोड ३० लाख बजेट विनियोजन भएकोमा ७९ लाख २ हजार ८ सय ४९ रुपियाँ अर्थात १८.३८ प्रतिशत बजेट खर्च भएको जनाएको छ । आर्थिक विकास अन्तर्गत पर्ने कृषिमा १९.७६, उद्योगमा ३.६१, जलस्रोत तथा सिंचाइमा २८.८, पशुपंक्षी विकासमा१८.६३ प्रतिशत वित्तीय प्रगती भएको छ । यस विषय उपक्षेत्र अन्तर्गत पर्यटन, सहकारी, वित्तीय क्षेत्र र वन उपक्षेत्रमा विनियोजित बजेटको खर्च प्रगती शुन्य रहेको छ ।

सामाजिक विकासमा १८ करोड २२ लाख ९० हजार विनियोजन भएकोमा ३ करोड ९५ लाख ९३ हजार २ सय ५३ अर्थात २१.७२ प्रतिशत वित्तीय प्रगती भएको छ । यस विषय क्षेत्र अन्तर्गत पर्ने उपक्षेत्र शिक्षामा २२.७ प्रतिशत, स्वास्थ्यमा १७.४८, खानेपानी तथा सरसफाइमा २७.३४, भाषा संस्कृतिमा ४५.३६, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा १३.१३, सामाजिक सुरक्षा तथा संरक्षणमा २४.४९ प्रतिशत खर्च भएको छ भने युवा तथा खेलकुदमा क्षेत्रमा विनियोजित बजेटको खर्च शुन्य प्रतिशत रहेको छ ।

पूर्वाधारतर्फ चालु आर्थिक वर्षका लागि विनियोजित १५ करोड ६० लाख ३० हजारमा ४ करोड ३४ लाख ४४ हजार ४ सय ११ अर्थात २७.८४ प्रतिशत खर्च भएको छ । यस विषयक्षेत्र अन्तर्गत पर्ने उपक्षेत्र यातायात पूर्वाधारमा ३२.४७ प्रतिशत वित्तीय प्रगती भएको छ । भवन, आवास तथा सहरी विकासमा २३.५८, ऊर्जामा ९८.३८, सञ्चार तथा सूचना प्रविधिमा ९.३१ र सम्पदा पूर्वाधारमा २९.३ वित्तीय प्रगती भएको गाउँपालिकाले जनाएको छ ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेका लागि ३ करोड ३ लाख ४६ हजार विनियोजन भएकोमा ५१ लाख ७६ हजार ७ सय ८२ रूपैयाँ अर्थात १७.५ प्रतिशत मात्र खर्च भएको छ । यस विषय क्षेत्रको उपक्षेत्र वातावरण तथा जलवायुमा ५३.९३ प्रतिशत, विपद व्यवस्थापनमा ३३.४७, कानून तथा न्यायमा २७.१४, शासकीय प्रणालीमा ७.५, तथ्याङ्क प्रणालीमा २.८७, श्रम रोजगारीमा ४.९३, अनुगमन तथा मूल्याङ्कनमा ३१.२, प्रशासकीय सुशासनमा ४८.६४, वित्तीय सुशासनमा र मानव संशाधन विकासमा विनियोजित बजेटको खर्च प्रतिशत शुन्य रहेको छ । पालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ८ करोड ११ लाख ३६ हजार बजेट विनियोजन भएकोमा १ करोड ७८ लाख ८ हजार ५ सय ७६ अर्थात २१.९५ प्रतिशत बजेट खर्च भएको छ ।

यसैबीच चैत्र मसान्तसम्म ८४ वटा योजना सम्झौता गरेकोमा ८२ वटा योजना सम्पन्न भएको जनाइएको छ । पालिकाले हालसम्म १४ वटा ऐन निर्माण गरिसकेको छ भने ३३ वटा कार्यविधि, ४ वटा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ इन्द्रसरोवर गाउँपालिकाले ५ वटा निर्देशिका, एउटा नीति, २ वटा मापदण्ड र एउटा रणनीति समेत निर्माण गरी पालिकाले कार्यान्वयनमा ल्याएको जनाएको छ ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिं कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

# पर्यटकको रोजाइमा पर्दैछ, 'कोटथुम्की'



◆ विकास संवाददाता

मकवानपुरको थाहानगर आफैंमा पर्यटकीय नगरी हो । पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको थाहानगरका कतिपय पर्यटकीय क्षेत्र ओझेलमा परि रहेका छन् । स्थानीय सरकारले ओझेलमा परेको पर्यटकीय क्षेत्रलाई प्रचारमा ल्याउने र पर्यटकीय चहलपहल बृद्धि गर्ने योजना अघि सारेपछि कोटथुम्कीमा पनि पर्यटक आउन थालेका छन् । यहाँका हरेक थुम्का र डाँडा प्राकृतिक भ्युटर हुन् ।

ठाउँठाउँको आ–आफ्नै विशेषता रहेको छ । यस्तै, विशेषताले भरिएको थाहा नगरपालिका पालुङको कोटथुम्की डाँडाबाट निकै राम्रो सूर्योदय अवलोकन गर्न सकिन्छ । समुन्द्री सतहबाट करिब २ हजार ४५० मिटरको उचाइमा रहेको कोटथुम्की ऐतिहासिक मात्र नभएर प्राकृतिक दृष्टिकोणले राम भ्यूपवाइन्ट हो । कोटथुम्की र आसपासका क्षेत्रबाट विभिन्न १० भन्दा बढी हिमश्रृंखलाको राम्रोसँग अवलोकन गर्न सकिने स्थानीय बताउँछन् । मौसम खुलेको समयमा कोटथुम्कीबाट सगरमाथा पनि देखिन्छ । अग्लो डाँडा भएकाले यहँबाट गोर्खा, धादिङ, नुवाकोट, काठमाडौं पनि देखिन्छ ।

पर्यटकीय क्षेत्रको रुपमा कोटथुम्कीलाई विकास गर्नसके पर्यटन प्रवर्द्धनमा टेवा मिल्ने थाहानगरका पूर्वनगर प्रमुख लवशेर बिष्ट बताउँछन् । थाहानगरमा रहेका पर्यटकीय क्षेत्रको डीपीआर तयार गरी सुदृढीकरण र पर्यटन प्रबर्द्धनको काम आफूले थालनी गरेको विष्ट बताउँछन् । कोटथुम्की आसपासका क्षेत्रमा पर्यटक लक्षित होटल, होमस्टे निर्माण गरी गर्मी मौसममा तराई क्षेत्रका पर्यटक आकर्षित गर्न सकिने पूर्वनगर प्रमुख बिष्ट बताउँछन् ।

# जन्मदिनमा सुशान्तले गरे विद्यार्थीलाई पोशाक वितरण



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ निवासी सुशान्त गोपालीले आफ्नो जन्मदिनको अवसर पारेर थाहा नगर पालिका वडा न २ फेदीगाउँको घाटदेवी आधारभुत विद्यालयका जेहेन्दार ५ विद्यार्थीहरूलाई विद्यालय पोशाक सिलाउने ज्याला सहित सहयोग गरेका छन् । सो अवसरमा पालुङ जेसीजले शैक्षिक सामाग्री समेत वितरण गरेको थियो ।

पालुङ जेसीज वर्ष २०२४ का जनसम्पर्क अधिकारी समेत रेहका गोपालीले १८ वैशाखमा विद्यालयमै पुगेर शैक्षिक सामाग्री प्रदान गरेको हो। कार्यक्रममा गोपालीसहित पालुङ जेसीजको पदाधिकारीहरूको समेत उपस्थिती रहेको थियो ।

वडा नम्बर २ का वडना सदस्य अर्जुन कार्कीको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीर बहादुर तामाङको विशिष्ट आतिथ्यतामा विद्यालयका प्रधानाध्यापक दिपक कार्कीलाई सामाग्री हस्तान्तरण गरिएको थियो ।

हस्तान्तरण कार्यक्रममा पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझी, महासचिव बिक्रम गोपालीलगायत जेसीज पदाधिकारी तथा विद्यालयका शिक्षक विद्यार्थीहरूको उपस्थिती रहेको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# मकवानपुरको दुईसहित ५२ पालिका भवन निर्माणाधिन

◆ विकास संवाददाता

मकवानपुरको दुईसहित देशभरका ५२ वटा स्थानीय तहको प्रशासकीय भवन चालु आर्थिक वर्षमा एकसाथ बनिरहेका छन् । मकवानपुरको इन्द्रसरोवर र राक्सिराङ गाउँपालिकाको प्रशासकीय भवन निर्माण भैरहेको हो । स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०८० अनुसार ती भवनहरूका लागि संघीय सरकारले पालिकाअनुसार फरक फरक रकम बिनियोजन समेत गरेको छ ।

चालु आर्थिक वर्षमा सम्पन्न हुने गरी मकवानपुरका दुई पालिकाको भवन निर्माण भैरहेको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा राक्सिराङलाई ४० लाख र इन्द्रसरोवर गाउँपालिकालाई ३० लाख रूपियाँ बजेट िविनियोजन भएको छ ।

शहरी विकास मन्त्रालय अन्तरगतको स्थानीय पूर्वाधार विभागले भवन बन्ने स्थानीय तहका लागि छुट्याइएको रकमसमेत निकासा गरिसकेको छ । जसमा अघिल्लो आर्थिक वर्षमा भवन बनाउन रकम पाउने निर्णय भएर यसवर्ष ठेक्का लागेका १० वटा पालिकासमेत समावेश गरेको बताएको छ । संघीय सरकारले यस चालु आर्थिक वर्षमा बन्ने भवनका लागि १५ अर्ब ३२ करोड रूपैयाँ बिनियोजन गरेको छ ।
अघिल्लो आर्थिक वर्षमा रकम माग गरेका तर चालु आर्थिक वर्षमा ठेक्का लागेका १० वटा स्थानीय तहका प्रशासनिक भवन निर्माणका लागि पनि १ अर्ब २० करोड रूपैयाँ निकासा भएको विभागले जनाएको छ । यसरी हेर्दा चालु आर्थिक वर्षमा संघीय सरकारले ५२ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माणका लागि १६ अर्ब ५२ करोड रूपेयाँ निकासा गरेको छ ।

विभागका अनुसार भवन बनाउन एउटा पालिकाले १२ देखि ५० लाख रूपैयाँसम्म अनुदान पाएका छन् । विभागका अनुसार कोशी प्रदेशका १३ वटा, मधेशका ८ वटा, बागमतीका ५ वटा, गण्डकीका ३ वटा, लुम्बिनीका ७ वटा, कर्णालीका ९ वटा र सुदरपश्चिमका ७ वटा स्थानीय तह छन् ।

# मितेरी सहकारीको चौमासिक समीक्षा

◆ विकास संवाददाता

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका–५ मा अवस्थित मितेरी बचत तथा ऋण सहकारी संस्थाको दोस्रो चौमासिक समीक्षा तथा अन्तरक्रिया भएको छ ।

कार्यक्रम संस्थाको भवनमा भएको थियो । संस्थाका अध्यक्ष धनराज महर्जनको अध्यक्षतामा समीक्षा कार्यक्रम भएको हो । समीक्षामा आवधिक बचतको ब्याजदर विषय, ऐच्छिक बचतको न्यूनतम बचतको विषय, ऋणको किस्ता अवधि हेरफेर गर्ने विषय, सामूदायिक, विकास कोष परिचालन गर्ने विषय, भाखा नाघेका ऋण असुलीको विषय र आव २०८०/८१ को वार्षिक योजना तथा बजेटलाई अनुमोदन गर्ने विषयमा छलफल गरिएको संस्थाका सूचना अधिकारी उमेश बस्नेतले बताए ।

कार्यक्रममा संस्थाका पदाधिकारी, लेखासमिति, ऋण उपसमितिलगायत अन्य उपसमितिका सदस्यको सहभागिता रहेको थियो । संस्थाले ०८१ असार मसान्तसम्म एक करोड ८७ लाख ६२ हजार पाँच सय शेयरपुँजी पुऱ्याउने लक्ष्य राखेको छ ।

सहकारीले असारसम्म १८ करोड ४१ लाख ६४ हजार १९८ रूपैयाँको कारोबार गर्ने लक्ष्य रहेको संस्थाका व्यवस्थापक सरोज थापामगरले बताए ।


## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं !

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## वन डढेलो सम्बन्धि जरुरी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक। आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो। त्यसैले सावधान रहौं ।

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरू हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कुसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौ र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।

सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी